म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०८ बिहीबार १५ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 1 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाका युट्युबर खड्का पक्राउ

हेटौंडा, १४ मंसिर/हेटौंडा उपमहानगरपालिका घर भएका एक युट्युबरलाई नेपाल प्रहरीको साइबर ब्युरोले पक्राउ गरेको छ । चुनावको सुरक्षामा खटिएका म्यादी प्रहरीलाई गाली गरी अश्लिल भिडियो बनाएर समाजमा अश्लीलता फैलाएको भन्दै प्रहरीले हेटौंडा उपमहानगरपालिका-४, हुप्राचौरका २० वर्षीय प्रतीक भन्ने नवीन खड्कालाई प्रहरीले पक्राउ गरेको हो । साइबर ब्युरोका उपनिर्देशक एसपी पशुपतिकुमार रायका अनुसार उनलाई काठमाडौं जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ । 'म्यादी प्रहरीको सन्दर्भमा भिडियो साझेदारी सेवा युट्युबमार्मफत विभिन्न आक्षेप तथा लाञ्छना लगाइ समाजमा अपाच्य हुने शब्दहरुको प्रयोग गरी नकारात्मक सन्देश प्रवाह गर्ने र निर्वाचनमा खटिएका सुरक्षाकर्मीको चरित्रमासमेत दाग लगाउने खालको श्रव्य दृश्य बनाई युट्युब तथा फेसबुकमार्फत प्रसारण गर्ने,' खड्कालाई पक्राउ गरिएको साइबर ब्युरोका उपनिर्देशक एसपी पशुपतिकुमार रायले जनाएका छन् ।

### मकवानपुरका स्थानीय तह

# जनप्रतिनिधिलाई गाडी छ, जनताको घर जले आगो निभाउने दमकल छैन

नवीन तिमल्सिना

हेटौंडा, १४ मंसिर/ ४ मंसिरमा भएको आमनिर्वाचन-२०७९ मा वैकल्पिक राजनीतिक दलका रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदाउँदा पुरानै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बौरियो ।

२००७ सालदेखि जनतामा रहेको नेपाली कांग्रेस, नेकपा एमाले, १० वर्षे जनयुद्ध छोडेर शान्ति सम्झौतापछि ०६४ को संविधानसभा निर्वाचनबाट मूलधारको राजनीतिमा आएको नेकपा माओवादी केन्द्रलाई मात खुवाउने गरी राष्ट्रिय स्वतन्त्र पार्टीले चमत्कारिक चुनावी नतिजा ल्यायो । ०७४ को निर्वाचनमा राष्ट्रिय पार्टीसमेत बन्न नसकेको राप्रपा नयाँ नेतृत्व पाएसँगै आगामी पाँच वर्षका लागि राष्ट्रिय दल बन्यो । पाँच महिनाअघि मात्रै दर्ता भएको रास्वपा र राप्रपाले कसरी यति धेरै सिट जिते र समानुपातिकमा लोकप्रिय मत ल्याए ?

यो प्रश्नको एउटै उत्तर नेपालका राजनीतिक दल र तिनका पुराना नेताहरुप्रति जनतामा वितृष्णाको कारण रहेको धेरैको बुझाई छ । निर्वाचनमा बोल्ने र सत्तामा पुगेपछि प्रतिबद्धताहरु बिर्सिने परिपाटीले मतदातहरुले वैकल्पिक राजनीतिक शक्तिको खोजी गरिरहेको देखिन्छ । जनताप्रति यस्तै वितृष्णा बनाउने काम मकवानपुरका स्थानीय तहहरुले पनि गरेको आरोप लागेको छ । देशका ७७ जिल्लामध्ये धेरै आगलागी हुने जिल्लामा मकवानपुर पनि पर्दछ । घाम र सित ओत लाग्ने आफ्नो टहरोमा आगलागी भएर धनमाल नष्ट हुँदा नागरिकहरुले ठूलो क्षति व्यहोर्नु परेको छ । तर, जनताको सेवा गर्छु भनेर आउने जनप्रतिनिधिहरुले नै आधारभूत आवश्यकतामा ध्यान नदिएको पाइएको छ ।

मकवानपुरमा १० वटा स्थानीय तहमध्ये एउटा हेटौंडा उपमहानगरपालिका, एउटा थाहा नगरपालिका र ८ वटा गाउँपालिका छन् । आफ्नो क्षेत्रभित्र आगलागी भइहाले क्षति रोक्न हेटौंडा उपमहा नगरपालिकासँग दुई वटा र थाहा नगरपालिकासँग १ वटा दमकल छ । तर, बाँकी ८ वटा गाउँपालिकासँग दमकल नभएको पाइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले दमकल सञ्चालन गर्ने व्यवस्था गरेको छ । कानुनी रुपमै दमकल सञ्चालन गर्न सक्ने भएपछि दमकल सञ्चालनको कुरा छोडौं, गाउँपालिकाहरुले हालसम्म यस सम्बन्धी कार्यविधिसमेत बनाएका छैनन् । गाउँबासीको घरगोठमा आगलागी भए थप क्षति रोक्न एउटा दमकलसमेत आवश्यक नरहेको गाउँपालिकाहरुले देखेको आरोप छ ।

जिल्लाका अधिकांश गाउँपालिका अध्यक्ष र उपाध्यक्ष चढ्न चार पाङ्ग्रे आरामदायी सवारीसाधन छ । जनप्रतिनिधि सरररर..गाडीमा हुइकिँदा नागरिकको घर जलेमा निभाउने एउटा दमकलसमेत नरहेको हो । सरकारले केही वर्षअघि दमकल खरिदका लागि भन्दै स्थानीय विकास मन्त्रालयमार्फत देशभरका विभिन्न स्थानीय तहलाई ६०/६० लाख रुपैयाँको दरले बजेट दिएको थियो । तर, २८ वटा स्थानीय तहले मात्रै दमकल खरिद गर्न सके, अन्यले नसकेपछि त्यो बजेट पुनः दिइएन । दमकल खरिद नगरेपछि सरकारले स्थानीय तहहरुलाई पुनः बजेट नदिएको हो । अझै, रोचक त के भने सडक खन्न एक्साभेटर, डोजर,



लोडर, टिपर खरिद गर्न सक्ने गाउँपालिकाले विगतका पाँच वर्षसम्म पनि दमकल खरिदका लागि बजेट छुट्याएका छैनन् ।

मकवानपुरका स्थानीय तहहरु दमकल खरिदका लागि रुचि राख्दैनन् । एउटा उदाहरण जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका हो । बागमती गाउँपालिका परिसर भित्र सडक निर्माणका लागि आवश्यक पर्ने सबै ठूला उपकरणहरु छन् । तर, स्थानीय नागरिकको घरमा आगलागी भइहालेमा आगो निभाउन एउटा दमकलसमेत छैन । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले दमकल खरिद गर्ने बताए । उनका अनुसार हाल गाउँपालिकासँग एउटा एक्साभेटर, २ वटा सानो डोजर, दुई वटा टिपर, एउटा ग्रेडर, एउटा टेलर, पानी टंग्याकी र १ वटा रोलर रहेको छ । तर, आगलागी नियन्त्रण गर्न दमकलसमेत छैन ।

बकैया गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष चढ्ने गाडी छ । तर, आगलागी नियन्त्रण गर्ने दमकल छैन । बकैयाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले दमकल खरिद गर्न बजेट नभएको बताए । हरेक वर्ष वितरणमुखी बजेट बनाउने गाउँपालिकाहरु एउटा दमकल खरिद गर्न बजेट अभाव भएको बताउने गरेका हुन् । मकवानपुरगढी गाउँपालिकामा पनि दमकल छैन । अध्यक्ष र उपाध्यक्ष चढ्ने आरामदायी गाडी र बाटो खन्नका लागि डोजर भने छ । मनहरी गाउँपालिकासँग अध्यक्ष, उपाध्यक्ष र कर्मचारीहरु हिँड्डुल गर्नका लागि ३ वटा गाडी र एउटा लोडर छ । दमकल भने नभएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले जानकारी दिए । मनहरीका अध्यक्ष रञ्जन कालाखेतीले भने गाउँपालिकाको गाडी प्रयोग गर्दैनन् ।

राक्सिराङ, कैलाश, भीमफेदी, इन्द्रसरोबर गाउँपालिकासँग पनि दमकल छैन । भीमफेदी गाउँपालिका बाहेक अन्य सबै गाउँपालिकामा जनप्रतिनिधि चढ्न सवारीसाधन छ । तर, गाउँबासीको घरमा आगलागी भए आगो निभाउने एउटा दमकलसमेत नरहेको हो । भीमफेदी गाउँपालिकाको सूचना अधिकारी योजना महाशाखा प्रमुख बद्री सापकोटाले जनप्रतिनिधि चढ्नेदेखि बाटो खन्ने कुनै गाडी पनि नभएको र दमकल पनि नभएको बताए । भीमफेदीका अध्यक्ष हिदम लामा आफ्नै निजी गाडी चढ्दै आएका छन् । इन्द्रसरोबर गाउँपालिकाको सूचना अधिकारी राजन खतिवडाले दुई वर्षअघि दमकल खरिद गर्न खोजेपनि दुई वा त्यो भन्दा बढी पालिका मिलेर दमकल खरिद गर्ने योजना पूरा नभएको बताए ।

इन्द्रसरोबरको नजिकका क्षेत्रमा थाहा नगरपालिकाको दमकलले काम चलाउने गरेको जनाइएको छ । थाहाको बारुण यन्त्र शाखाले एउटा दमकल थाहा नगरपालिकाभित्रै अपुग भएको जानकारी दिएको छ । थाहा अधिकांश डाँडाकाँडा क्षेत्र भएकाले एउटा दमकलले सेवा दिन अप्ठेरो परेको उक्त शाखाले जनाएको छ । आगलागीको जोखिमबाट मकवानपुरको कुनैपनि पालिका अछुतो छैनन् । मकवानपुरका हरेक बस्तीमा जुनसुकै बेला पनि असावधानी वा विद्युतका कारण आगलागी हुन सक्छ । यसको जोखिम सबैतिर भएपनि स्थानीय तहहरु कानुनी व्यवस्था हुँदासमेत दमकल खरिदमा चासो राख्दैनन् । दमकल आगो नियन्त्रणको प्रभावशाली साधन हो । तर दमकललाई आगो नियन्त्रणको पहिलो उपायका रुपमा लिनु भने हुँदैन । हरेक घरमै जोखिम कसरी कम गर्न सकिन्छ भन्ने हिसाबले तयारी गरिनु उपयुक्त हुन्छ ।

तर, स्थानीय तहहरु दमकल पनि किन्दैनन् र गाउँबासीलाई आगलागीबाट बच्ने उपाय बारे सचेतनासमेत दिँदैनन् । जिल्लाका स्थानीय तहहरुले आगलागीबाट बच्ने र नियन्त्रणका उपायहरु बारे सचेतना जगाएको पाइदैन । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट सार्वजनिक गर्दै ७ सय ५३ वटै स्थानीय तहमा दमकल राखिने बताए पनि उक्त योजना कार्यान्वयनमा आएन् । एउटा दमकललाई सामान्यतः ७० लाख रुपैयाँ भन्दा बढी मूल्य पर्छ । यसका लागि कम्तीमा तीन कर्मचारी २४ सै घन्टा खट्नुपर्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांकअनुसार अहिले ६ सय स्थानीय तह दमकलविहीन छन् ।

## थाहाका किसान जाग्दै, नगरपालिका घेराउ गर्ने चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ तरकारीमा हाल्ने मलको अभाव भएको भन्दै उत्तरी मकवानपुरको थाहा नगरपालिकाका किसानहरुले नगरपालिकाको कार्यालय घेराउ गर्ने भएका छन् ।

तरकारी खेतीको पकेट क्षेत्रको रुपमा परिचित थाहाका किसानले आवश्यक मल नपाउँदा पीडामा परेको भन्दै नगरपालिकालाई दबाब दिने उदेश्यले कार्यालय घेर्ने तयारी गरेका हुन् । किसान हकहित संघर्ष समितिले बिहिबार आज बिहान ११ बजे थाहा नगरको कार्यालय घेराउ गर्ने कार्यक्रम तय भएको समितिका सदस्य लक्ष्मण बर्तौलाले बताए । आलु, बन्दा, काउली, खुर्सानी जस्ता बेमौसमी खेती आएका यहाँका कृषकहरू बैज्ञानिक रूपमा परिक्षण नभएका नक्कली मल प्रयोग गर्न विवश छन् भने सरकारबाट प्रति बोरा ९०० मूल्य निर्धारण गरिएका युरिया मललाई २८०० सम्म तिर्दै काम चलाउँनु परेको गुनासो स्थानीय किसानहरूको छ ।

आलु लगाउने समय नजिकिँदै गर्दा पनि पर्याप्त रूपमा मल खरिद गर्न नसक्दा किसानहरू फेरि मर्कामा पर्ने सम्भावनाको आँकलन गर्दै थाहा नगरपालिका वडा नम्बर ३ का किसानहरूको एक भेलाको निर्णय अनुसार आज बिहिबार बिहान ११ बजे थाहा नगरपालिकाको कार्यालय घेराउ गर्ने भएका हुन् ।

## भैरवरोडको सडकमा अख्तियारको अनुसन्धान

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडा उपमहानगरपालिका-४ भैरव रोडमा निर्माण भएका सडक क्षेत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले अनुसन्धान थालेको छ ।

२०७६ सालको वैशाखमा सम्झौता भएर काम भएको भैरवरोड स्थित विद्युत प्राधिकरण गेट अगाडिको सडक क्षेत्रमा अख्तियारको टोलीले बुधवार प्राविधिक अनुसन्धान गरेको हो । पूर्वाधार विकास कार्यालय चितवनको ५० लाख बजेटमा विरेन्द्र मार्गमा उपभोक्ता समितिमार्फत श्रमदानसहित सडकबाट दुवै क्षेत्रमा ढल निर्माण, फुटपाथ र वेसको काम गरिएको थियो । उक्त काममाथि अख्तियारमा उजुरी परेपछि अख्तियारको टोलीले परीक्षण गरेको हो । अख्तियार टोलीले सडकका संरचना निर्माणको काम सम्झौता अनुरुप भए वा नभएको अनुसन्धान गरेको हो ।

ढल, फुटपाथ तथा वेसको अनुसन्धानमा ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देल, उपभोक्ता समितिका पदाधिकारी तथा स्थानीयहरुको उपस्थिति थियो । ३ सय ४५ मिटर लम्बाईको बाटो निर्माण पश्चात कमजोर भएको र सम्झौता अनुरुप नभएको भनी अख्तियारमा उजुरी परेपछि प्राविधिक सहितको टोलीले परिक्षण गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका कानुन सुब्बा सुशीलकुमार झाले बताए । अनुसन्धानपछि तयार रिपोर्ट अख्तियार केन्द्रीय कार्यालयमा पठाइने उनले बताए ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ


☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# विश्व एड्स दिवस, सबै सुरक्षित रहौं

एड्सको महामारीलाई अन्त्य हुन नदिने असमानताहरूलाई अन्त्य गर्न जरुरी छ । र, ती असमानताहरूलाई सामना गर्न सक्छौं भन्ने विश्वास हामी सबैमा आवश्यक छ । यो विश्व एड्स दिवस, १ डिसेम्बर मा यूएनएड्सले हामी सबैलाई असमानताहरूलाई सम्बोधन गर्दै एड्सलाई रोक्न आग्रह गरेको छ । यसवर्षको नारा नै 'इक्वालाइज' हो । जसको अर्थ नै समानताको स्थापना भन्ने लाग्दछ । विश्व एड्स दिवसले हामीलाई प्रथमत: यौन स्वास्थ्य अनि प्रजनन अधिकार एवम् प्रजनन स्वास्थ्यका कुराहरू खुलेर गर्न आव्हान् गर्दछ । रातो रिबन राखिएको विभिन्न ब्यानरहरू, चिन्हहरू अनि प्रबर्द्धनात्मक साम्रगीहरु बोकेर विभिन्न र्‍याली, भेला, गोष्ठीहरू आयोजना गर्दै एचआइभी एड्सका बारेमा जनचेतना फैलाइन्छ ।

एचआइभी र एड्स दुइटा भिन्न कुराहरू हुन्, एचआइभी एउटा भाइरस हो जसको कारणले एड्सको अवस्थामा पुर्‍याउँदछ । एचआइभीलाई अहिले संसार भरिनै एउटा रोगभन्दा पनि संक्रमणको रूपमा हेरिन्छ । हरेक एचआइभी संक्रमितहरू एड्स लागेका होइनन् । आजभोलि विभिन्न सरकारी स्वास्थ्य संस्थाहरूमा नि:शुल्क पाइने ओखतिको नियमित सेवन र स्वास्थ्य जीवनशैली अपनाएर एचआइभी संक्रमितहरू अन्य सरह सहज र लामो जीवनको सुनिश्चितता प्राप्त गरिरहेकाछन् । एचआइभी संक्रमितसँग हाँस्दा, बोल्दा, जूठो खाँदा र एउटै चर्पी प्रयोग गर्दा एचआइभी सर्छ भन्ने गफ केवल भ्रम हो । संक्रमित रक्तदान अथवा ग्रहण गरिएमा, संक्रमितले प्रयोग गरेको सुई जन्य छाला छेड्ने औजार प्रयोग गरेमा र संक्रमित आमाबाट जन्मने बच्चाहरूमा मात्र यसको संक्रमण सम्भावना रहन्छ ।

नेपालमा एचआइभीको प्रथम संक्रमण सन् १९८८ मा देखिएको हो । एक त यौनजन्य क्रियाकलापका लागि अत्यन्त संकुचित समाज अनि असुरक्षित यौनजन्य क्रियालापहरुका कारणले हुने संक्रमण भएकाले नेपालमा एचआइभी संक्रमितहरू धेरै समयसम्म लुकेर बस्थे तर उपचारात्मक अनि परामर्शात्मक सुविधातर्फ जाने गर्दैनथे । यौनजन्य संक्रमणबाट सबै सुरक्षित रहौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १६ गते शुक्रबार २ डिसेम्बर २०२२ । मंसिर नवमी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:६ । विश्व दासता उन्मूलन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भेटघाटमा समय बित्नेछ | **तुला** | : आफन्तको सहयोग मिल्नेछ |
| **वृष** | : सम्पत्तिको खचपच हुनेछ | **वृश्चिक** | : यात्राको लागि राम्रो समय छ |
| **मिथुन** | : सुखभोगको समय रहेकोछ | **धनु** | : सोचेजस्तो सहयोग मिल्नेछैन |
| **कर्कट** | : आर्थिक लाभ मिल्नेछ | **मकर** | : समय पूजापाठमा बित्नेछ |
| **सिंह** | : विवाद हुन सक्ने | **कुम्भ** | : व्यापारबाट फाइदा हुनेछ |
| **कन्या** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **मीन** | : मन प्रशन्न हुने देखिन्छ |

# १२ बुँदे शुभकामना अब बन्ने नयाँ सरकारलाई



डा. बलराम तिमल्सिना

यही मंसिर ४ मा सम्पन्न आम निर्वाचनको परिणाम यो लेख लेख्दा सम्म आउने क्रम जारी छ । अबको केही हप्तामा नयाँ सरकार बन्ने निश्चित छ । म यस बेला नयाँ बन्ने सरकारलाई शुभकामना दिऊँ भनेर केही कोर्न बसेको छु ।

तर केका लागि शुभकामना दिऊँ, कस्लाई शुभकामना दिऊँ, अनि किन दिऊँ शुभकामना आदि मनमा आएकाले लेखाईलाई सरर बगाउन सकिरहेको छैन । तर पनि कुनै न कुनै रुपमा सरकार गठन हुन्छ नै । त्यसैले, आगामी सरकारलाई देश र जनताको लागि केही गर्नैपर्छ भनेर घचघच्याउन पनि १२ बुँदे शुभकामना दिने निर्णय गरें र लेखनीको सुरुवात गरें ।

**पहिलो**

अहिलेको निर्वाचनले ठूला भनिएका दलहरुलाई केही सवक सिकाएको देखिन्छ । दलका नेताको बोली र कर्ममा फरक, दलको घोषणापत्र र सरकारमा गैसकेपछिको नीति तथा कार्यक्रममा असन्तुलन, पूरा हुन नसक्ने बिषयमा ठूलाठूला आश्वासन दिए । दलको र सरकारको नेतृत्वले प्रजातान्त्रिक मुल्य, मान्यता, विधि र पद्धतिको खुलेआम उल्लंग्घन, राजनीतिक नेतामा सम्पत्तिप्रति बढ्दो मोह देखियो । जनताका दैनिक समस्याप्रति बेखवर, शिक्षा र स्वास्थ्यजस्तो अत्यावश्यक क्षेत्रमा गरीब नागरिकको सहज पहुँच भएन ।

भ्रष्टाचारमा दलका नेताहरुकै संलग्नता देखिनु, सार्वजनिक सेवा छिटो छरितो र चुस्त नहुनु, वैदेशिक सम्वन्धमा उतार चढाव देखिनु, शासन प्रशासनमा ठेकेदार, उद्योग व्यबसायी तथा असम्वन्धित व्यक्तिको प्रभाव परेको देखिनु लगायत कारणले यो निर्वाचनमा ठूला भनिएका दल र तिनका नेताप्रति वितृष्णा देखियो । तर यो वितृष्णा अहिले केही स्वनामधन्य बुद्धिजीविहरुले भने जस्तो बहुलवादमा आधारित संसदीय लाकतन्त्रिक व्यवस्था प्रतिको वितृष्णा भने पक्कै होइन । यो कुरा जनताले एक दलको सट्टा अर्को दललाई नै (स्वतन्त्र उमेदवारलाई होइन) मत जाहेर गरेको तथ्यबाट पनि पुष्टि हुन्छ ।

त्यसैले, नयाँ सरकारलाई मेरो पहिलो शुभकामना छ कि जनताको जीवनस्तर सुधार्ने क्षेत्रलाई बजेट तथा कार्यक्रममा प्राथमिकता दिनुपर्छ । ओरालो लागेको अर्थतन्त्रलाई उकास्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा जनताको सहज पहुँच पुर्‍याउने, देशभित्रै रोजगारी सिर्जना गर्दै युवालाई विदेश पलायन हुनबाट रोक्ने नीति ल्याउनुपर्छ ।

सार्वजनिक प्रशासनमा आमुल सुधार गर्ने, लोकतन्त्रका आधारभूत मान्यता सुशासन, पारदर्शिता, सहभागिता, समावेशिताका साथै विधि पद्धति र कानुनी शासनको प्रत्याभूति गर्ने, सन्तुलित परराष्ट्र नीति अवलम्वन गर्ने लगायतका क्षेत्रमा सरकार गठन भएको दिनदेखि नै ध्यान जानुपर्छ ।

**दोस्रो**

सरकारको प्रमुख कर्तव्य संविधानको रक्षा र बहुलवादमा आधारित बहुदलीय लोकतन्त्रको सम्वर्द्धन र विकास तथा निर्माणलाई तीव्रता दिनु हो । यी बिषयलाई छोडेर सरकार आफै असंवैधानिक कार्य गर्न उद्धत भयो भने देश अराजकतातिर जान्छ ।

अन्तरपार्टी झगडा भयो, दलभित्र आफू अल्पमतमा परियो वा संसदीय दलमा अल्पमतमा परियो वा सरकारमा संलग्न दलहरुबिच प्रधानमन्त्री को हुने विषयमा झगडा हुन थाल्यो । मन्त्रालय बाँडफाँटमा कुरा मिलेन भन्दैमा सार्वभौम सदन विघटन गर्ने कार्य गर्नुहुने छैन । र, संविधानको भावना र मर्मअनुसार यो सदनलाई ५ वर्षे आयु पूरा गर्न दिनु हुनेछ भन्ने विश्वासका साथ दोस्रो शुभकामना ।

**तेस्रो**

बहुलवादमा आधारित बहुदलीय लोकतन्त्रमा सरकारी निकायहरु कुन निकाय कसको मातहतमा रहने भन्ने नियम कानुन र प्रजातान्त्रिक मूल्य मान्यता अनुसार निर्दिष्ट भएका हुन्छन् । लोकतन्त्रमा संविधान, नियम, विधि, पद्धत्ति र कानुनअनुसार शासन प्रशासन चल्दछ । लोकतान्त्रिक शासन व्यवस्थाले व्यक्ति शक्तिशाली हुने तर संस्था र विधि निरीह हुने कल्पना पनि गर्दैन ।

त्यसैले, यस भन्दा अगाडि एउटा व्यक्ति शक्तिशाली बन्नका लागि शासन व्यवस्थाका महत्वपूर्ण निकायहरु राष्ट्रिय अनुसन्धान आयोगलगायत निकायलाई जसरी प्रधानमन्त्री कार्यालय अन्तर्गत राखियो, त्यो गलत थियो ।

यो सरकार निर्माण भएपछि यस्ता सबै संस्थाहरु पहिलेकै नियम र कानुनअनुसार प्रधानमन्त्री कार्यालयबाट फिर्ता हुनेछन् र यिनीहरुलाई स्वतन्त्र रुपमा काम गर्न दिइनेछ भन्ने विश्वासका साथ तेस्रो शुभकामना ।

**चौथो**

कुनै पनि देशका जनताले कति निष्पक्ष सेवा पाएका छन्, सरकारी निकायहरु कति समावेशी छन् तिनमा हुने नियुक्ति मनोनयन कति पारदर्शी छन् भन्ने कुराले त्यो देशमा सुशासन छ वा छैन भन्ने कुरा मापन गरिन्छ । विगतमा नेपालमा आफ्ना र आफ्नो दल नजिक मान्छे भर्ती गर्नको लागि संवैधानिक मर्म र भावना विपरीत हुने गरी संवैधानिक अंगहरुमा नियुक्ति गर्ने व्यवस्था मिलाइयो ।

प्रमुख प्रतिपक्ष दलको नेताको अनिवार्य उपस्थितिलाई आवश्यक नपर्ने गराइयो । सभामुख र प्रमुख प्रतिपक्ष दलको नेताको उपस्थिति बिना निर्णयहरु भए । जसको नकारात्मक असर नेपालभित्र मात्र होइन कि अन्तरराष्ट्रिय रुपमा समेत पर्‍यो र नेपालको छविमा समेत धक्का लाग्यो । एउटा उदाहरण हेरौं । नेपाल मानव अधिकार आयोग विश्वका आयोगहरुमध्ये क श्रेणीमा पर्दछ । तर हालै मात्र नेपाल मानव अधिकार आयोगलाई घटुवा गरी ख श्रेणीमा झार्न राष्ट्रिय मानव अधिकार आयोगहरुको अन्ताराष्ट्रिय सञ्जालको स्तर निर्धारण उपसमितिले सिफारिस गरेको छ ।

यो उपसमितिले श्रेणी निर्धारण गर्ने क्रममा आयोगका पदाधिकारीको नियुक्ति कति निष्पक्ष, स्वच्छ, तटस्थ र पारदर्शी छ भनेर मूल्याङ्कन गर्दछ । साथै, त्यो आयोगको स्वायत्तता कति छ र आयोगले कति स्वतन्त्र रुपमा काम गर्न सकेको छ भनेर पनि हेर्दछ । हालको आयोगका पदाधिकारीको नियुक्ति विवादास्पद संवैधानिक आयोगबाट भएको र संवैधानिक व्यवस्था अनुसारको संसदीय सुनुवाईसमेत हुन नपाएको अवस्थामा यो नियुक्ति एक किसिमको बलमिच्याईं थियो ।

यिनै कुराहरुको मूल्याङ्कन गर्दै उक्त उपसमितिले नेपालको मानव अधिकार आयोगका पदाधिकारीको नियुक्ति प्रक्रिया निष्पक्ष, स्वच्छ र पारदर्शी नभएकोले यस्तो संस्था स्वायत्त हुन नसक्ने र यसले स्वतन्त्र र तटस्थ रुपमा कार्य गर्न समेत नसक्ने निष्कर्ष निकाल्दै घटुवाको सिफारिस गरेको हो । त्यसैले, मेरो चौथो शुभकामना आउँदो सरकारलाई संवैधानिक आयोगसम्वन्धि परिवर्तित प्रावधान खारेज गर्नेछ र संवैधानिक आयोगको बैठक सम्पूर्ण सदस्यहरुको उपस्थितिमा अझभनौं प्रमुख प्रतिपक्ष दलको नेताको उपस्थितिमा मात्र बस्ने छ ।

**पाँचौ**

संसदीय व्यवस्थामा सरकार सत्तापक्षको र संसद प्रतिपक्षको भन्ने मान्यता संसार भर रहेको छ । संसदीय व्यवस्थाको जननी बेलायतमा प्रमुख प्रतिपक्ष दलको नेता बोल्दा प्रधानमन्त्री अनिवार्य उपस्थित हुने व्यवस्था छ । त्यस्तै, विभागीय मन्त्रालयको बारेमा छलफल हुँदा सम्बन्धित मन्त्री अनिवार्य सदनमा पूरा समय बस्ने परम्परा छ । प्रतिपक्ष दलका माननीयहरुले उठाउने प्रत्येक प्रश्न ध्यान दिएर सुन्ने र तिनको प्रष्ट र तथ्यगत उत्तर दिने जिम्मेवारी प्रधानमन्त्री र विभागीय मन्त्रीहरुको हो ।

त्यसैले नयाँ बन्ने सरकारका मेरो प्रधानमन्त्री र मन्त्रीहरुले प्रतिपक्ष माननीयहरुले उठाएका प्रश्नहरु निम्छरा हुँदैनन् भन्ने हेक्का राख्दै प्रत्येक प्रश्नको चित्त बुझ्दो उत्तर दिनेछन् । र, प्रधानमन्त्री आफ्नो मनमौजी किसिमले मन लागेको बेलामा सदनमा ३ घण्टा प्रवचन दिने र प्रमुख प्रतिपक्ष दलको नेताले बोल्नको लागि सत्ता पक्ष समेत संलग्न कार्यव्यवस्था समितिको कार्यसूची थाहा हुँदाहुँदै पनि प्रधानमन्त्री उपस्थित नहुने परम्परा फेरि दोहोरिने छैन भन्ने पूर्ण विश्वासका साथ पाँचौ शुभकामना ।

**छैटौं**

राजनीतिक दल वा नेताको विश्वसनीयता उसले लिने निर्णयहरुमा कति एकरुपता रहन्छ, त्यसले धेरै हदसम्म निर्धारण गर्दछ । सत्तामा हुँदा एक किसिमको निर्णय गर्ने र प्रतिपक्षमा रहनु पर्दा अर्को किसिमको धारणा बनाउने र निर्णय गर्ने गरियो भने आम जनताबाट उक्त दल र नेता प्रतिको विश्वास गुम्छ । गएको सरकार र सदनबाट यस्ता कुरा भएको मजैले देखिए ।

उदाहरणको लागि एमसीसी र नागरिकताको सवालमा सत्तामा छँदा एक किसिमको धारणा, प्रतिपक्ष भए पछि अर्को किसिमको धारणा । म यस लेखमा यी दुई विषय ठिक वा बेठिक के थिए, त्यसको बहस गर्दिन, कुनै अर्को पटक गरौंला । मेरो मनसाय यति मात्र हो कि एउटै दल र एउटै व्यक्तिको नेतृत्व हुँदा पनि सत्तामा रहँदा र प्रतिपक्षमा रहँदा फरक दृष्टिकोण किन ? त्यसैले, कुनै पनि दल सत्ता र सत्ता बाहिर जता रहे पनि परराष्ट्र नीति, सुरक्षा नीति, राष्ट्रियता र जनतासँग प्रत्यक्ष सरोकार राख्ने कानुनहरु निर्माण जस्ता सम्बेदनशील विषयमा उही धारणा हुनेछ भन्ने मेरो छैटौं शुभकामना ।

**सातौं**

संसदीय व्यवस्था बलियो हुनको लागि उक्त व्यवस्थामा भाग लिने दलहरु बलियो र मजबुत हुनु पर्दछ । बहुदलीय व्यवस्थामा दलहरु गठन हुनु नयाँ कुरा होइन । तर, एउटै सिद्धान्त नीति र कार्यक्रममा आधारित धेरै दलहरु नेपालजस्तो सानो देशका लागि आवश्यक छैन ।




अझ एउटा सग्लो दल व्यक्ति व्यक्ति बिचको टकराव, इगो, महत्वकाँक्षा र घमण्डका कारण टुक्रिएर धेरै दल बन्नु त हुँदै हुँदैन । गएका दुवै सरकारले प्रतिस्पर्धी दललाई फुटाउने नियतका साथ अध्यादेशमार्फत् कानुन संशोधन गरे । त्यसैले, आगामी सरकारले व्यक्तिगत वा दलगत नाफा र घाटा हेरेर कसैलाई नोक्सान र कसैलाई नाफा गराउने उद्देश्यले वा आफू सत्तामा टिक्ने वा नयाँ सरकार बनाउने उद्देश्यले दलहरुलाई छिन्न भिन्न बनाउन सजिलो हुने वातावरण निर्माण गर्न सबै दलले सर्वसम्मतिमा निर्माण गरिएको कानुन संशोधन गर्ने छैन भन्ने मेरो सातौं शुभकामना ।

**आठौं**

व्यक्ति राजनीतिक नेता हुँदैमा सबै विषयमा विज्ञ हुन सक्दैनन् । विज्ञताको लागि त अध्ययन, अनुसन्धान र अनुभवको आवश्यकता पर्दछ । कुनै दलको नेता, माननीय, मन्त्री वा प्रधानमन्त्री कुनै एक विषयमा विज्ञ हुन सक्छन् । तर पदमा पुग्ने बित्तिकै सबैभन्दा जान्ने म नै हूँ भन्ठान्नु सर्वथा गलत हो । गत सदनमा के देखियो भने मन्त्री वा प्रधानमन्त्री भएपछि मैले सबै जान्दछु भन्दै सबैलाई अर्ति उपदेश दिन थालियो । यति सम्म कि कोरोनाले देश थिलथिलो भएको बेलामा समेत अन्टसन्ट उपदेश र अर्ति दिन थालियो ।

काभ्रेका एकजना अनुभवी नेता भन्नुहुन्थ्यो 'व्यक्ति विज्ञ हुन सक्छ, सर्वज्ञ हुन सक्दैन । दूर दृष्टिवाला हुन सक्छ तर सर्वदृष्टिवाला हुन सक्दैन ।' तर जे हुन सक्दैन भन्छन् विद्वानहरु, त्यही भयो गएको सरकारको हकमा । त्यसैले, देश चलाउने तपाईं नेताहरुले हो, निर्णय गर्ने तपाईंहरुले नै हो । तर, बोल्नु र निर्णय गर्नु भन्दा अगाडि कृपया सम्बन्धित क्षेत्रका विज्ञहरुको राय र सुझाव लिनुहोस् । भ्याउनुहुन्छ भने अन्तरराष्ट्रिय अभ्यास र परम्परालाई नियाल्ने र पढ्ने गर्नुहोस् । मेरो आठौं शुभकामना अबको प्रधानमन्त्री र मन्त्रीहरु सर्वज्ञ र सर्वदृष्टिवाला हुनुहुने छैन ।

**नवौं**

एक जना दार्शनिकका अनुसार विकसित देशका नेताहरु आफू सपना देख्छन्, देखेको सपना सम्झन्छन्, जनता र विज्ञहरुसँग छलफल गर्छन् र नीति, नियम, बजेटको व्यवस्था गर्छन् र कार्यान्वयन गर्छन् । तर विकासोन्मुख देशका नेताहरु जनतालाई सपना देखाउँछन्, आफूले देखेको सपना नभएकोले बिर्सिन्छन् । सम्झना नभएको बिषयको कार्यान्वयन हुने त कुरै भएन । त्यसैले, नेताहरुले हामी सर्वसाधारणलाई सपना नदेखाउनु होस् । देश र जनतालाई सुखी, खुसी र समृद्ध बनाउने सपना तपाईं देख्नुहोस् र कार्यान्वयन गर्नुहोस् ।

एउटा उदाहण हेरौं न, शिक्षा मन्त्री एउटा गाउँको आमसभामा जान्छन् अनि भाषण गर्छन्, 'नेपालको शिक्षा नि:शुल्क हुनुपर्छ' भनेर । अनि हामी टरर ताली पिट्छौं । उहाँ त निर्णय गर्ने तहमा हुनुहुन्छ अनि भन्नुहुन्छ, 'नि:शुल्क हुनुपर्दछ' भनेर, कोसँग मागेको तपाईंले ? आफैं नीति नियम बनाउने र बजेटको व्यवस्था गर्ने ठाउँमा हुनुहुन्छ । पहिले मन्त्रिपरिषदमा प्रस्ताव लानुहोस्, निर्णय गराउनुहोस्, बजेटको व्यवस्था गर्नुहोस्, अनि भाषण गर्नुहोस्, हामीले यो देशको शिक्षा नि:शुल्क बनाएका छौं भनेर ।

हामीले सपना त भान्सामा ग्यास पाइपको देख्यौं, पूर्व पश्चिम रेल कुदेको देख्यौं, सुरुङ मार्ग देख्यौं । केरुङ नाकादेखि काठमाडौं सम्मको रेल हुइँकिएको देख्यौं । काठमाडौंमा मनो रेल र फ्लइओभर देख्यौं । बेरोजगारलाई रोजगार अनि बेघरबारलाई घरबारको व्यवस्था भएको देख्यौं । शिक्षा र स्वास्थ्य नि:शुल्क भएको देख्यौं । तर यी सबै सपना निर्वाचनको बेला हामीलाई देखाइएको रहेछ । नेताले त ललिता निवास, ओम्नी, यति, बतास अनि वाइडवडी प्लेनको सपना देखेका रहेछन् ।

त्यसैले मेरो नवौं शुभकामना, अबको सरकारले जे सम्भव छ, त्यो मात्र बोल्छ । जे बोल्छ, त्यो पूरा गर्छ । तपाईंले देखेको सपना र बनाउन खोजेको नेपाली जनतालाई बताउनुहोस् । तर, प्रस्ट भाषामा भन्नुहोस् कि यसको लागि यति बजेट र यति समय लाग्छ भनेर । जनता नबुझ्ने छैनन् नि, किन बढी गफ मात्र दिनुहुन्छ ।

**दसौं**

तपाईंको सरकार बनिसकेपछि तपाईंका वरिपरि चुनाव प्रचारका बेला भेटेका ती परिश्रमी र इमान्दार जनता पाउनुहुन्न । तिनीहरु मतदान गरेको केही क्षणपछि नै डोको, नाम्लो, हँसिया, कोदालो बोकेर आफ्नो दैनिकीमा लागिसकेका छन् । अब उनीहरु तपाईंलाई भेट्न आउँदैनन् । तपाईंका वरिपरि त सुकिला कपडा लगाउने, हातमा एक डेढ लाखको फोन बोक्ने, कारमा हुँइकिने ठेकेदार, म्यानपावर व्यावसायी, निजी कलेज र निजी मेडिकल कलेज सञ्चालन गर्नेहरु, संवैधानिक निकाय, विभिन्न आयोग र राजदूतमा नियुक्तिको भोक रहेकाहरुको भीड लाग्नेछ । हामीले यसरी र उसरी चुनावमा सघायौं भनेर गफ पनि उनीहरुले नै लगाउँछन् ।

त्यसैले मेरो दसौं शुभकामना, भेट्न आउनेलाई भेट्नुहोस्, कुरा सुन्नुहोस् तर निर्णय गर्ने बेलामा तपाईंले चुनाव प्रचार प्रसारको क्रममा भेट्नु र देख्नु भएका इमान्दार र नैतिकवान सर्वसाधारण जनतालाई सम्झनुहोस् ।

**एघारौं**

जनताको जीवनस्तर भ्यूटावर, स्मारक, पार्क वा स्मृति बाटिकाहरु निर्माण गरेर सुधार हुनेछैन । जनताको लागि त मल, बीउको सर्वसुलभ उपलब्धता, महँगी नियन्त्रण, स्वास्थ्य र शिक्षा सकेसम्म नि:शुल्क नसके सस्तो रुपमा उपलब्धता चाहिन्छ । उद्योग व्यवसायीलाई व्यवसाय सञ्चालन गर्ने उचित वातावरण, सडक, खानेपानी, बिजुली, सिँचाई आदि जनतासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र र विषयमा योजना निमार्णको साथ यथेष्ट वजेट व्यवस्थाका साथै समयमै कार्यान्यवन भयो भने त्यो भन्दा जनमुखी र जनपक्षीय सरकार अर्को हुनेछैन ।

त्यसैले, अनावश्यक क्षेत्रमा खर्च गर्नुभन्दा जनताको दैनिक जीवनमा प्रत्यक्ष असर पुग्ने क्षेत्रमा चुनावको बेलामा दिइएका आश्वासनलाई सम्झेर योजना र कार्यक्रम निर्माण गरी उचित बजेटको व्यवस्थापन गर्दै कार्यान्वयन गर्नुहुनेछ भन्ने विश्वासका साथ मेरो एघारौं शुभकामना ।

**बाह्रौ**

देश बनाउने जिम्मा एक पटकको निर्वाचनबाट ५ वर्षको लागि अभिमत प्राप्त गरेको दल र त्यसको सरकारको मात्र होइन । देशको विकास, निर्माण, सुशासन र समृद्धि त सबै दलको उद्देश्य हो र जिम्मेवारी पनि हो । सरकार त ५/५ वर्षमा अझ नेपालमा त वर्षैपिच्छे फरक फरक दलको बन्दछ । त्यसैले राष्ट्रिय मुद्धाहरुमा कम्तीमा राष्ट्रिय दलहरुले समान धारणा बनाउनु पर्दछ, जसको लागि दलहरुबिच नियमित छलफल भैरहनु पर्दछ ।

जस्तो उदाहरणका लागि कालापानी लिपुलेकको विषयमा सबै दलहरुसँगको छलफलको निष्कर्षअनुसार प्रस्ताव सरकारले राखेको हो । तर, समग्र प्रतिपक्ष एकजुट भएकोले नेपाली जनता सबै एकढिक्का भए । यदि चुनावी मुद्धाको लागि कसैले प्रस्ताव राख्ने, कसैले विरोध गर्ने भएको भए संविधान संसोधन जस्तो विषय विवादमा पर्ने थियो ।

त्यसैले, यस्ता विषयमा जस लिनेमात्र व्यवहार कम्तिमा ठूला दलले देखाउनु हुँदैन । आवधिक योजना निर्माण रक्षा, परराष्ट्र, सिमा जस्ता विषयमा सबै दलको राय सुझाव लिनु सरकारको दायित्वभित्र पर्दछ । नागरिकता विधेयक र एमसीसी जस्ता विषय सबै दलसँग घनिभूत छलफल भएको भए यी मुद्धा अहिलेको जस्तो विवादास्पद पक्कै हुँदैनथे ।

गएको ५ वर्षमा सरकार सञ्चालकहरुको दम्भका कारण यस्ता बैठक विरलै बसे । बसेका एक दुईवटामा पनि खास विषयवस्तुमा छलफल केन्द्रित हुनुभन्दा आपसी छेडछाडमै बित्यो । अझ पछिल्ला वर्षहरुमा त सरकारले अनुरोध गर्दा पनि प्रमुख प्रतिपक्ष दलले छुवाछुतको व्यवहार गर्दै बैठकमै उपस्थित नरहेको हामीले देख्यौं । सबैलाई उपस्थित हुने वातावरण बनाउने काम सरकारको हो भने राष्ट्रिय समस्या र विषयहरुमा छलफल गर्न सरकारले बोलाइ सकेपछि उपस्थित हुने कर्तव्य प्रतिपक्ष दलहरुको पनि हो ।

त्यसकारण, मेरो बाह्रौं शुभकामना सरकारले कम्तीमा वर्षको एकपटक देशका जल्दाबल्दा समस्या, राष्ट्रिय अन्तरराष्ट्रिय परिवेश र हाम्रो सरकारको अडान आदिका बारेमा छलफल गर्न सर्वदलीय, सर्वपक्षीय बैठक बस्ने परम्परा कायम राख्नेछ ।

अन्तमा,

नयाँ बन्ने सरकारलाई अझ धेरै शुभकामना दिने मन थियो । किनकि हामी जनताका इच्छा र आकाँक्षा असीमित छन् । तर यो लेख अलि बढी लामो हुने भएकोले यिनै १२ बुँदे शुभकामनाका साथ आगामी सरकार जसले नेतृत्व गरे पनि, जुन जुन दल मिलेर बने पनि, जनताका ज्वलन्त समस्यालाई केन्द्र विन्दुमा राखेर अगाडि बढ्ने छ ।

संविधान र बहुलवादमा आधारित यो लोकतान्त्रिक व्यवस्थाको संरक्षण र सम्वर्द्धन गर्नेछ र जनताले ब्यक्त गरेको अभिमतको सम्मान गर्दै ५ वर्ष हामीलाई स्थिर सरकार दिनेछ भन्ने अपेक्षाका साथ हार्दिक शुभकामना ।

*(साभार: रातोपाटी)*

# विश्वकप क्रिकेट प्रतियोगिताको राष्ट्रिय टिमको बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ दृष्टिविहिनको विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय टिमलाई बिदाई गरिएको छ ।

दृष्टिविहिनको विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय टिमलाई बुधबार मकवानपुर जिल्ला क्रिकेट संघले एक कार्यक्रमको आयोजना गरी गरेको हो ।

दृष्टिविहिनहरुको राष्ट्रिय क्रिकेट टिम मंसिर १ बाट बन्द प्रशिक्षणका लागि हेटौंडा आएका थिए । १५ सदस्यीय टिममा ललितपुरका सागर लामा, जुम्लाका भरत चौलागाई, कन्चनपुरका हिम खत्री, बर्दियाका राधेश्याम चौधरी, पाल्पाका तमबहादुर फाल पूर्ण दृष्टिविहिन खेलाडी (बी-१) को रुपमा सहभागी छन् ।

कप्तान गैरेसहित कास्कीका सुनिल राना, प्रेम क्षेत्री युवराज भण्डारी र काभ्रेका सन्त पहरी (बी-२) बल देख्न सक्ने खेलाडीको रुपमा सहभागी छन् भने बर्दियाका नरेश चौधरी, रुपन्देहीका शंकर रेग्मी, नुवाकोटका सुरेन्द्र



तामा, रुपन्देहीका खेमराज सापकोटा र चितवनका सागर चेपाङ (बी-३) कमजोर दृष्टि भएको खेलाडीको रुपमा सहभागी छन् । आगामी डिसेम्बर ६ देखि १७ सम्म भारतमा हुने टि-२० विश्वकपमा सहभागिता जनाउन टोली डिसेम्बर ४ मा भारत प्रस्थान गर्नेछन् । खेल भारतको नयाँ दिल्ली र हैदरावादमा सञ्चालन हुनेछ ।

प्रतियोगितामा नेपाल, भारत, पाकिस्तान, अष्ट्रेलिया, दक्षिण अफ्रिका, बंगलादेश र श्रीलंका सहभागी रहेको छ ।खेलाडीहरुलाई बिदाई गर्दै मकवानपुर खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले दृष्टिविहिन र अशक्त भनिएकाहरुप्रति राज्यको कुनै ध्यान जाने नगरेको र जो सक्षम छ, बोल्न सक्ने छ उसैलाई मात्र सरकारले हेर्ने गरेको बताए ।

उनले आगामी दिनमा मकवानपुरमा बन्द प्रशिक्षणका लागि आउनुपरेमा मैदानको व्यवस्था र आर्थिक सहयोग गरिदिने बताए । उनले टोलीलाई व्यक्तिगत नगद ५ हजार रुपैयाँ सहयोग समेत गरे । यस्तै, मकवानपुर क्रिकेट संघका अध्यक्ष वासुलाल श्रेष्ठले टिमलाई प्रतियोगिताका लागि शुभकामना दिए ।

टिमका प्रशिक्षक नहेन्द्र निरौलाले खेलाडीहरुका लागि बन्द प्रशिक्षण पर्याप्त नभएको बताए । नेपाल सरकारले मैदानको व्यवस्था गरी कम्तिमा १ महिना बन्द प्रशिक्षण गराउनुपर्ने भएपनि त्यो नभएको उनको भनाई थियो । उनले नेपाली टिमले यसअघि अष्ट्रेलिया, साउथ अफ्रिका, बंगलादेश र नेदरल्याण्ड जस्ता विभिन्न बलिया देशका टिमहरुलाई हराइसकेको बताए ।

कोरोना महामारीपछि टिमका खेलाडीहरु विस्थापित हुन पुगेको र अहिले नयाँ खेलाडी समेटेर टिम बनाएको उनको भनाई छ । टिमका कप्तान खिमानन्द गैह्रेले बन्द प्रशिक्षणका लागि मैदान नपाइरहेको अवस्थामा मकवानपुर क्रिकेट संघले मैदान उपलब्ध गराई सहजै प्रशिक्षण गर्न वातावरण मिलाइदिएको बताए । गैह्रेले आफुहरु विश्वकप खेल्ने खेलाडी भएपनि सरकारले खासै वास्ता नगरेको बताउनुभयो । अहिले प्रशिक्षणका लागि पनि सरकारले कुनै ड्रेस उपलब्ध नगराएको गुनासो गरे ।

## हात्तिसुँढेमा मोटरसाइकल दुर्घटना हुँदा लामाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका केन्द्र हात्तिसुँढेमा मोटर साइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

बकैयाको ३ नम्बर वडा स्थित हात्तिसुँढे बजारमा मंगलबार राती मोटरसाइकल दुर्घटना हुदाँ चालक बकैया-५ श्रीपुर घर भएका २८ वर्षीय श्याम लामाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । धरान चतरा सडक खण्डअन्तर्गत हात्तिसुँढे श्रीपुर तर्फ आउँदै गरेको प्रदेश २-०३-०१८प २५५७ नम्बरको मोटर साइकल आफै अनियन्त्रित भएर सडकको नालिमा खस्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका लामालाई उपचारको लागि हेटौंडास्थित चुरेहिल अस्पताल ल्याउँदा डाक्टरले मृत घोषणा गरेको डिएसपी कार्कीले बताए । धरान चतरा सडक खण्डमा पछिल्लो समय सवारी दुर्घटना बढेको छ । चिल्लो सडकमा सवारीसाधनसमेत कम गुड्ने भएपछि लापरबाही ढंगबाट मोटरसाइकल तथा गाडिहरु चल्दा दुर्घटना बढी हुने गरेको पाइएको छ । केही दिनअघि हेटौंडा-६, गौरिटारमा पनि बसको ठक्कर बाट मोटरसाइकल चालकको मृत्यु भएको थियो । उक्त सडक खण्डमा तीव्र गतिमा सवारीसाधन सञ्चालनमा नियन्त्रण गर्नुपर्ने माग उठिरहेको छ ।

## लागुऔषध लोड गर्दागर्दै भारतीय ट्रक नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुर प्रहरीले लागुऔषध लोड गर्दागर्दै एक भारतीय ट्रकलाई नियन्त्रणमा लिएको छ ।

मनहरी गाउँपालिका-६ कल्लेखोलास्थित पुर्वपश्चिम सडक खण्डमा लागुऔषध गाँजा लोड गर्दै गरेको अवस्थामा डब्लु बि ५९ सि ६७३५ नम्बरको ईन्डियन ट्रकलाई नियन्त्रणमा लिएको हो । विषेश सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय, मनहरी र सशस्त्र प्रहरी बल आई.आर.टी पोष्ट कल्लेखोलाबाट खटिएको प्रहरीको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो ।

ट्रकभित्र पलास्टिकको बोरामा प्याक गरेर लुकाई छिपाई राखेको ७९ किलोग्राम (१२ वटा पोका) लागुऔषध गाँजा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

लागुऔषध लागुऔषध लोड गर्ने र ओसारपसारमा संलग्न ब्यक्तिको नाम प्रहरीले खुलाएको छैन । प्रहरीले लागुऔषध गाँजा सहित ट्रक नियन्त्रणमा लिएर आवश्यक थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## पल शाहको न्यायको माग गर्दै रक्तदान हुने

काठमाडौं/एक नाबालिगले जबर्जस्ती करणीको आरोपमा नवलपुर र तनहुँ प्रहरी कार्यालयमा जाहेरी दिएपछि अभिनेता पल शाहले विगत १० महिनादेखि जेलबाटै अदालतको चक्कर काटिरहेका छन् । गत भदौमा नवलपुर जिल्ला अदालतले बाल यौन दुरुपयोगको मुद्दामा २ वर्ष ६ महिना जेल सजाय र पीडितलाई १० लाख क्षतिपूर्ति दिन आदेश जारी गरेपछि पल अहिले जिल्ला कारागार तनहुँमा छन् ।

नवलपुर अदालतले पल माथि लागेको आरोपको विषयमा फैसला गरिसकेको भए पनि तनहुँ जिल्ला अदालतमा मुद्धा विचाराधिन छ । पलले नवलपुर जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालत पोखरामा पुनरावेदन पनि गरिसकेका छन् । उनी उच्च अदालतले आफूलाई न्याय दिने आशामा छन् । उनका प्रशंसकहरु पनि उनी निर्दोष ठहर भएर जेलमुक्त भएको हेर्ने प्रतिक्षामा बसेका छन् ।

यसबीच, पलका फ्यानहरुले उनको न्यायको माग गर्दै एक पुण्य कार्य गर्ने भएका छन् । पल शाह फ्यान क्लबले मंसिर १७ गते बसन्तपुरमा रक्तदानको आयोजना गर्न लागेको हो । विहान ८ बजेबाट रक्तदान सुरु हुनेछ । पल कानुनी झमेलामा फस्नुअघि यो क्लबले उनको जन्मदिनमा विभिन्न सामाजिक कार्यहरु गर्ने गरेको थियो । अब उनको न्यायको माग गर्दै रक्तदान गर्न लागेको हो ।

## 'पासो'मा काम गर्दा रिस्ता र सुनिशाले गरेको दु:ख

काठमाडौं/पर्सी शुक्रबार बाट फिल्म 'पासो' रिलिज हुँदैछ । एकल रिलिज हुन लागेकाले फिल्मलाई केही राहत मिल्ने देखिन्छ । प्रचार-प्रसारमा निर्माण पक्षले खासै ध्यान नदिएको भए पनि 'वर्ड अफ माउथ'ले हलमा दर्शक तान्नेमा अपेक्षा गरिएको छ । अभिनेत्रीद्वय रिस्ता बस्नेत र सुनिशा बजगाँईले फिल्म बोकेका छन् । यसैले उनीहरुको करिअरका लागि नै यो फिल्म अत्यन्त महत्वपूर्ण र विशेष छ ।

'पासो'मा काम गर्दाको दु:ख रिस्ता र सुनिशा शब्दमा व्यक्त गर्न सक्दैनन् । एउटा बाकसभित्र १० दिनसम्म बन्द भएर काम गर्दा निकै गाह्रो भएको रिश्ताको अनुभव छ । उनी भन्छिन्, 'फिल्ममा मैले १० दिन एउटा बाक्साभित्र बन्द भएर काम गर्नुपरेको थियो । फिल्म खिच्दै गर्दा मैले निर्देशकलाई 'अब काम गर्न सक्दिनँ' समेत भनेको थिएँ । केही पटक त पेन किलर खाएर पनि काम गरेँ ।'

त्यस्तै, सुनिशालाई ५ दिनसम्म हात र मुख बाँधेर काम गर्दाको क्षण सम्झँदा अहिले पनि शरीरमा काँडा उम्रन्छ । '५ दिनसम्म हात बाँधेर काम गर्दा म गलेको थिएँ । पहिलो पटक यति चुनौतीपूर्ण भूमिका निर्वाह गर्न पाएकोमा एकखालको रमाइलो पनि थियो । दर्शकलाई फिल्मले फरक स्वाद दिन्छ भन्नेमा विश्वस्त छु' उनले भनिन् । उनी पछिल्लो पटक फिल्म 'प्रसाद'मा देखिएकी थिइन् ।

आरबी पुनको कथा, पटकथा, संवाद तथा निर्देशन रहेको फिल्ममा रामकुमार बास्ताकोटी, प्रतिक दुलाल, प्रनव आकाश, ऋतिक दुलाल, गीता थापाको पनि अभिनय छ । भगवान भुजेल निर्माता रहेको फिल्मको राजकुमार राउत कार्यकारी निर्माता, बसन्त घिमिरे, अनु मुस्कान, अनुराग ढुंगाना र सरस्वती गुरुङ सह-निर्मातामा छन् । उत्तम हुमागाँइले यो फिल्मको छायांकन गरेका हुन् ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्धेश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्चलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, बिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विश्वकप-२०२२

## पोल्यान्डलाई हराउँदै अर्जेन्टिना अन्तिम १६ मा

काठमाडौं/दुईपटकको विजेता अर्जेन्टिना कतारमा जारी विश्वकप फुटबलको नकआउट चरण पुगेको छ। समूहको आफ्नो अन्तिम खेलमा बुधबार राती पोल्यान्डलाई २-० गोलले पराजित गर्दै अर्जेन्टिना प्रिक्वाटरफाइनल पुगेको हो।

अर्जेन्टिना ३ खेलबाट ६ अंक जोडेर समूह विजेता बन्यो। पहिलो खेलमा साउदी अरबसँग २-१ गोलले पराजित भएपछि दबाबमा आएको अर्जेन्टिनाले दोस्रो खेलमा मेक्सिकोलाई २-० गोलले हराएर दोस्रो चरण प्रवेशको सम्भावना कायम राखेको थियो। बुधबार पोल्यान्डविरुद्ध कप्तान लियोनल मेस्सीले पेनाल्टी अवसर



सदुपयोग गर्न नसकेपनि अर्जेन्टिनाले दबाबपूर्ण प्रदर्शन गर्दै जित निकालेको थियो।

अर्जेन्टिनाको जितमा मार्क एलिस्टर र जुलियान अल्भारेजले गोल गरे। एलिस्टरले ४६ र अल्भारेजले ६७ औँ मिनेटमा गोल गरेका हुन्। त्यसअघि ३९ औँ मिनेटमा मेस्सीलाई डीबक्सभित्र लडाइएपछि अर्जेन्टिनाले पेनाल्टीको अवसर पाएको थियो।

खेलभर ७३ प्रतिशत समय बल आफ्नो नियन्त्रणमा राखेको अर्जेन्टिनाले लगातार आक्रमण गरेपनि पोल्यान्डका गोलरक्षक सिजेस्नीले शानदार बचाउ गरेका थिए। अर्जेन्टिनाले खेलभर गोलपोष्टमा २४ वटा आक्रमण गरेको थियो।

मेस्सी केही राम्रा अवसरमा चुकेका थिए। समूह सीको अर्को खेलमा मेक्सिकोले साउदी अरबलाई २-१ गोलले हराएपनि अगाडि बढ्न सकेन। पहिलो खेलमा अर्जेन्टिनालाई स्तब्ध बनाएको साउदी अरब लगातार दोस्रो हार ब्यहोर्दै समूहगत चरणमा सिमित भयो।

## ट्युनिसियासँग हारे पनि फ्रान्स समूह विजेता

काठमाडौं/कतारमा भइरहेको फिफा विश्वकप २०२२ अन्तर्गत समूह चरणको अन्तिम खेलमा बुधबार साविक विजेता फ्रान्स ट्युनिसियासँग १-० ले पराजित भएको छ ।

यसअघि लगातार दुई खेल जित्दै अन्तिम १६ मा स्थान पक्का गरिसकेको फ्रान्स ट्युनिसियासँग हारका बावजुत पनि समूह डी को विजेता बन्न सक्यो ।

एजुकेसन सिटी स्टेडियममा भएको खेलमा फ्रान्सले समूहाको अघिल्लो खेलमा उतारेको टिममा ९ खेलाडी परिवर्तन गरेको थियो । नकआउट चरणमा स्थान पक्का भइसक्दा फ्रान्सले अरु खेलाडीलाई पनि अवसर दिएको हो ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो



हाफमा ट्युनिसियाले गोल गर्‍यो । ५८औं मिनेटमा वाहबी खाजरीले गोल गर्दै ट्युनिसियालाई अग्रता दिलाएका थिए ।

एक गोलले पछि परेपछि फ्रान्स प्रशिक्षक डिडियर डेसच्याम्पसले अघिल्लो खेलमा गोल गरेका स्टार किलिएन एमबाप्पेदेखि एन्टोइन ग्रीजमन, एड्रिएन राविओट र उसमान डेम्बेलेलाई मैदान प्रवेश गराए पनि फ्रान्सले बराबरी गोल फर्काउन सकेन ।

इन्जुरी टाइमको अन्तिम मिनेटमा ग्रीजमनले फ्रान्सका लागि बराबरी गोल गरेका थिए । खेल सकिनै लागेको अवस्थामा गोल भए पनि भिडियो असिस्टेन्ट रेफ्री (भीएआर)ले अफसाइड करार गरेको थियो ।

समूह डी मा फ्रान्सले दुई जित र एक हारबाट ६ अंक जोड्दै समूह विजेता बन्यो । अष्ट्रेलियाले पनि डेनमार्कलाई अन्तिम खेलमा पराजित गर्दै फ्रान्ससमान ६ अंक नै जोडेको थियो । तर, गोलअन्तरमा पछि रह्यो ।

फ्रान्सलाई स्तब्ध पारेको ट्युनिसियाले ४ अंक जोडेपनि समूह चरण पार गर्न सकेन । फ्रान्सले अब अन्तिम १६ मा समूह सी को उपविजेतासँग खेल्नेछ । सन् २०१४ को विश्वकपमा क्वाटरफाइनलमा जर्मनीसँग पराजित भएपछि फ्रान्सले विश्वकपमा पहिलो हार भोगेको हो ।

## १६ वर्षपछि अन्तिम १६ मा अष्ट्रेलिया



काठमाडौं/अष्ट्रेलिया १६ वर्षपछि फिफा विश्वकप फुटबलको अन्तिम १६ मा प्रवेश गरेको छ । कतारमा भइरहेको फिफा विश्वकप २०२२ अन्तर्गत समूह डी को अन्तिम खेलमा डेनमार्कलाई १-० ले पराजित गरेपछि अष्ट्रेलियाले समूह डी मा उपविजेता बन्दै नकआउट चरणमा स्थान पक्का गरेको हो ।

अल जानोब स्टेडियममा भएको खेलमा अष्ट्रेलियाको लागि म्याथ्यु लेकीले निर्णायक गोल गरे । उनले खेलको ६०औं मिनेटमा रिले म्याग्रेको पासमा गरेको गोल निर्णायक बनेको थियो ।

यसअघि अष्ट्रेलिया सन् २००६ मा जर्मनीमा भएको विश्वकपमा अन्तिम १६ मा पुगेको थियो । तर इटलीसँग पेनाल्टी गोलमा १-० ले पराजित हादैं बाहिरिएको थियो । पछि इटलीले नै त्यस विश्वकप जितेको थियो । जारी विश्वकपमा समूह डी मा अष्ट्रेलिया र साविक विजेता फ्रान्सले समान ६ अंक जोडेपनि गोलअन्तरमा फ्रान्स अघि रहेर समूह विजेता बनेको हो ।

पहिलो खेलमा फ्रान्ससँग ४-१ ले पारजित भएको अष्ट्रेलियाले त्यसपछिको दुई खेलमा ट्युनिसिया र डेनमार्कलाई पराजित गरेको हो । अष्ट्रेलियाले अब समूह सी को विजेतासँग अन्तिम १६ मा खेल्नेछ । समूह डी मा दोस्रो हार बेहोरेको डेनमार्क भने १ अंक जोड्दै पूछारमा रहेर बाहिरियो ।

## पहिलो पटक महिला रेफ्रीहरू देखिँदै



काठमाडौं/शुक्रबार अर्थात् डिसेम्बर २ मा हुने फिफा विश्वकपको खेलमा पहिलो पटक महिला रेफ्रीहरू देखिने भएका छन् । जर्मनी र कोस्टारिका बीचको समूह ईको खेलमा फ्रान्सकी स्टेफानी फ्रापार्टले मैदानमा मुख्य रेफ्रीको भूमिका निर्वाह गर्नेछिन् ।

फ्रेपार्टसँग थप दुई महिला रेफ्री सहायक रेफ्री रहनेछन् । उनीसँग नुइजा ब्याक र क्यारेन डियाजले सामेल हुनेछन्।

यसअघि ३८ वर्षीय फ्रापार्ट सन् २०१९ मा फ्रान्सको लिग-१ मा रेफ्री बनेकी थिइन् । फ्रापार्टले २०१९ मा महिला विश्वकपको फाइनलमा पनि रेफ्री गरेकी थिइन्। उनी २०१९ यूईएफए सुपर कपको फाइनल खेलका लागि रेफ्री प्यानलमा थिइन् भने २०२० को च्याम्पियन्स लिगमा सहायक रेफ्री थिइन् ।

**लिङ्ग होइन योग्यता जरुरी**

फिफा विश्वकपमा छनोट भएपछि फ्रापार्टले भनेकी थिइन्, 'विश्वकपका लागि छनोट भएकोमा म निकै खुसी छु । अब छनोट लिङ्गका आधारमा होइन योग्यताका आधारमा हुन्छ । फिफाले विश्वकपमा महिला रेफ्री बोलाएर विश्वलाई कडा सन्देश दिएको छ ।'

इन्टरनेशनल फेडरेशन अफ फुटबल हिस्ट्री एन्ड स्टेटिस्टिक्सको तर्फबाट फ्रापार्टले सन् २०१९, २०२० र २०२१ मा उत्कृष्ट रेफ्रीको अवार्ड पाएकी छन् ।

**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: *www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# प्रदेश सरकारको ७ मन्त्री निर्वाचित, एक पराजित

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेश सरकारको ७ जना मन्त्री प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् ।

गत मंसिर ४ गते सम्पन्न आम निर्वाचनमा बागमती प्रदेशका ७ जना मन्त्री प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । कुल १८ जना मन्त्रिमण्डल रहेको बागमती प्रदेश सरकारका ८ मन्त्री प्रतिनिधि सभा र प्रदेशसभा सदस्यका लागि उम्मेदवार बनेका थिए । जसमा एक मन्त्री भने पराजित भएका छन् । प्रदेशको १३ जिल्ला मध्ये दोलखामा मत गणना हुनै बाँकी छ । प्रदेश तर्फको २ वटा क्षेत्र रहेको दोलखाको केही केन्द्रहरुमा मतदानमा विवाद भएपछि पुन: मतदानको लागि निर्वाचन आयोगले मिति तोकेको छ । सो क्षेत्र बाहेक अन्य सबै जिल्लाको प्रत्यक्ष तर्फको मत गणना कार्य सम्पन्न भइसकेको छ ।

प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेका बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे धादिङ क्षेत्र नम्बर-१ बाट विजयी भएका छन् । उनले सो क्षेत्रमा आफ्ना पुराना सहकर्मी नेकपा एमालेका भूमि प्रसाद त्रिपाठीलाई हराउँदै चुनाव जितेका हुन् । नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष समेत रहेका मुख्यमन्त्री पाण्डेले ३५ हजार ९३४ मतसहित जित हात पार्दा एमालेका त्रिपाठीले २७ हजार ९५३ मत पाएका थिए ।

संस्कृति तथा पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठ प्रदेशसभा सदस्यका लागि काठमाडौं क्षेत्र नम्बर-१ (क)बाट दोस्रो कार्यकालको लागि निर्वाचित भएका छन् । श्रेष्ठले ६ हजार ३०० मत ल्याएर विजयी हुँदा उनको निकटतम प्रतिद्वन्द्वी राप्रपाका नबिन शाहीले ३ हजार ५०४ मत पाएका थिए । एकीकृत समाजवादी चितवन जिल्लाको इञ्चार्जसमेत रहेका कृष्णप्रसाद शर्मा खनाल बागमती प्रदेश सरकारको प्रवक्ता एवम् बहालवाला आन्तरिक मामिला तथा कानुन मन्त्री हुन् ।

हालै सम्पन्न निर्वाचनमा खनाल प्रदेश सांसद्का लागि चितवन क्षेत्र नम्बर १ (ख) बाट उम्मेदवार रहेका थिए । उनले चुनावी प्रतिस्पर्धामा जित हात पार्दा एमालेका प्रकाश खनाल शैलेश पराजित भए । खनालले १५ हजार ५३६ मत पाउँदा शैलेश १४ हजार ८०२ मत पाए । काठमाडौं क्षेत्र नम्बर ७ (ख) बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार रहेका बसन्त प्रसाद मानन्धरले चुनाव जितेका छन् । प्रदेशसभाको दोस्रो इनिङका लागि चुनीएका मानन्धर प्रदशेको बहालवाला खानेपानी ऊर्जा तथा सिंचाई मन्त्री हुन् । उनले एमालेका जीवन मानन्धरलाई पराजित गरेका हुन् । एकीकृत समाजवादीबाट उम्मेदवार रहेका मन्त्री बसन्तले ५ हजार ८६६ मतसहित चुनाव जित्दा एमालेका जीवनले ४ हजार ५५५ मत पाए । धादिङ क्षेत्र नम्बर १ (ख)बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार रहेका माओवादी केन्द्रका केन्द्रीय सदस्य शालिकराम जम्मकट्टेल निर्वाचित भएका छन् । उनी प्रदेशको बहालवाला आर्थिक मामिला तथा योजना मन्त्री हुन् । १९ हजार ९०३ मतसहित उनले चुनाव जित्दा एमालेका गजेन्द्रप्रसाद थपलिया १२ हजार ४७८ मतसहित पछि परे ।

प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तान प्रदेशसभा सदस्य पदका लागि मकवानपुर क्षेत्र नम्बर २ (क) मा माओवादी केन्द्रबाट उम्मेदवार बनेकी थिइन् । माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य मोक्तानले सो क्षेत्रबाट चुनाव जित्दा एमालेका विष्णुप्रसाद ढकाल पराजित भए । मोक्तानले १९ हजार ८७३ मत पाउँदा एमालेका ढकालले १९ हजार ५५१ मत पाए । माओवादी केन्द्रका रत्न ढकालले प्रदेशसभा सदस्य पदका लागि काभ्रे क्षेत्र नम्बर १ (ख) बाट उम्मेदवारी दिएका थिए ।

प्रदेशको युवा तथा खेलकुद मन्त्री रहेका ढकाल चुनाव जितेका छन् । उनले २० हजार ७२० मतसहित चुनाव जित्दा एमालेका दिलबहादुर तामाङ ११ हजार २७८ सहित पराजित भए । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहालले भने चुनाव हारेका छन् । प्रदशसभा सदस्य पदका लागि चितवन क्षेत्र नम्बर २ (ख) मा माओवादी केन्द्रका तर्फबाट उम्मेदवार रहेका उनी पराजित भएका हुन् । उनलाई एमालेका कृष्णप्रसाद सिलवालले पराजित गरेका हुन् । एमालेका सिलवालले १६ हजार ५०३ मत पाउँदा माओवादी केन्द्रका दाहालले १५ हजार २४६ मत पाए ।

यस्तै, बागमती प्रदेश सभाको पहिलो कार्यकालको सभामुख सानुकुमार श्रेष्ठ काठमाडौं(२ (क)बाट पराजित भएका छन् । उनलाई राप्रपाका सुनिल केसीले पराजित गरेका हुन् । केसीले ६ हजार ५९८ मत ल्याउँदा श्रेष्ठले ५ हजार ७९ मत मात्रै प्राप्त गरे । उनले चुनावी अभियानमा आफू भावी मुख्यमन्त्री भएको दाबी गर्दै मत मागेका थिए । प्रदेशसभाको उपसभामुख बनेकी राधिका तामाङ भने पुन: प्रदेश सदस्यमा निर्वाचित भएकी छिन् । तामाङ नुवाकोट जिल्ला प्रतिनिधि सभा १ को १ बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएकी हुन् । सत्ता गठबन्धनको समर्थनमा तामाङले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट उम्मेदवारी दिएकी थिइन् । उनले १६ हजार १६९ मत पाउँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सुशीलकुमार खड्काले ११ हजार ३५० मत पाए ।

# बागमती प्रदेशसभामा ४५ नयाँ अनुहार निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेशसभामा प्रत्यक्ष निर्वाचनबाट ४५ नयाँ अनुहार निर्वाचित भएका छन् ।

मंसिर ४ गते सम्पन्न प्रत्यक्षतर्फको १२ जिल्लाका ६४ वटा निर्वाचन क्षेत्रको मत परिणाम अनुसार प्रदेशसभामा विभिन्न दलहरुबाट ४५ जना नयाँ अनुहारले प्रवेश पाएको हो । बागमती प्रदेशमा ०७४ मा भएको निर्वाचनबाट निर्वाचित केहि सांसद दोहोरिएको भएपनि ४५ नयाँ अनुहारले पनि प्रदेशसभा प्रवेश गर्ने निश्चित भएको छ । प्रत्यक्षतर्फबाट सबैभन्दा बढी नयाँ अनुहार नेपाली कांग्रेसले भित्र्याएको छ भने दोस्रोमा एमाले रहेको छ । प्रत्यक्षतर्फ प्रदेशमा नै पहिलो बनेको कांग्रेसले प्रदेशसभामा १९ जनालाई अवसर दिँदा एमालेले १० जना नयाँ अनुहार लाई अवसर दिएको हो । प्रदेशसभामा माओवादी केन्द्रले भने ८ जना नयाँ व्यक्तिलाई ल्याएको छ भने राप्रपाको ७ जना र हाम्रो नेपाली पार्टीका एक जना रहेका छन् । प्रदेशसभाको २० वटा सिट रहेको कामठमाडौंको क्षेत्र नम्बर १(क), २ (क), २ (ख), ३ (क), ४ (क), ५ (क), ५ (ख), ६ (क), ६ (ख), ८ (क), ८ (ख) र ९ (क)बाट विभिन्न दलहरुबाट नयाँ व्यक्ति सांसद् निर्वाचित भएका छन् । त्यस्तै प्रदेशसभा तर्फ ६ वटा चितवनको क्षेत्र नम्बर १ (क), २ (क), २ (ख), ३ (क), ३ (ख)मा नयाँ उम्मेदवारले चुनाव जितेर संसद्मा इन्ट्री गरेका छन् । प्रदेशसभा तर्फ ६ वटा रहेको ललितपुरको क्षेत्र नम्बर १ (क), १ (ख), २ (क), २ (ख), ३ (क), ३ (ख), प्रदेशसभा तर्फ ४ वटा रहेको जिल्लाहरु भक्तपुरको क्षेत्र नम्बर १ (क), २ (क), नुवाकोटको १ (ख), २ (क), २ (ख), रामेछापको क्षेत्र नम्बर १ (क), १ (ख), मकवानपुरको क्षेत्र नम्बर १ (ख), धादिङको क्षेत्र नम्बर १ (क), २ (क), २ (ख), सिन्धुपाल्चोकको क्षेत्र नम्बर १ (क), १ (ख), २ (ख), काभ्रेको क्षेत्र नम्बर १ (ख), २ (ख), सिन्धुलीको क्षेत्र नम्बर १ (क), २ (क), २ (ख) र प्रदेशसभाको २ वटा मात्र क्षेत्र रहेको रसुवाको १ (ख) बाट चुनाव जित्दै नयाँ उम्मेदवार संसद प्रवेश गरेका छन् ।





## मकवानपुरगढी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

Email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (ChairPerson), 9855088966 (CAO)

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशन मिति २०७९/०८/१५ गते)

यस गाउँ कार्यपालिकाको लागि देहाय बमाजिम करार कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले ईच्छुक एवं तोकीएको योग्यता पुगेका नेपाली नागरीकहरुबाट दरखास्त अव्हानको लागि यो सूचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिनभित्र कार्यालय समयमा मकवानपुरगढि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद र तह | आवश्यकता पद सख्या | न्यूनत्तम शैक्षिक योग्यता र उमेर | दरखास्त दस्तुर | काम गर्नुपर्ने स्थान | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १/०७९-०८० | रोजगार संयोजक, छैठौ | १ (एक) | ● मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको<br>● कम्प्युटर सम्बन्धी आधारभूत सीप भएको<br>● २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.१०००/- (अक्षरेपी एक हजार मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय | लिखित सेवा सम्बन्धी ५० (अंक), कम्प्युटर विषय सम्बन्धी ५० (अंक) र अन्तरवार्ता |
| २/०७९-०८० | रोजगार सहायक, पाँचौ | १ (एक) | ● मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।<br>● आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिने तालिम लिएको<br>● १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.५००/- (अक्षरेपी पाँच सय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय | लिखित सेवा सम्बन्धी ५० (अंक) र कम्प्युटर प्रयोगात्मक ५० (अंक) तथा अन्तरवार्ता |
| ३/०७९-०८० | रोजगार प्राविधिक, पाँचौ | १ (एक) | ● सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।<br>● कम्तीमा ३ महिने तालिम लई आधारभूत कम्प्युटर सीप भएको ।<br>● पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषणा गर्न सक्ने आयेजनाको लष्य र परीमाणा हासिल गर्न टोलीमा काम गरेको अनुभव अनुभवपारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता<br>● १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.५००/- (अक्षरेपी पाँच सय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय | लिखित सेवा सम्बन्धी ५० (अंक) र कम्प्युटर प्रयोगात्मक ५० (अंक) तथा अन्तरवार्ता |
| ४/०७९-०८० | ना.प्रा.स., चौथो उदयम विकास | २ (दुई) | ● मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा जे.टि.ए. कोर्ष उत्तिर्ण गरेको वा सो भन्दा माथिल्लो तहको शैक्षिक योग्यता ।<br>● १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.४००/- (अक्षरेपी चार सय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय अन्तर्गत | लिखित र अन्तरवार्ता |
| ५/०७९-०८० | सहजकर्ता, चौथो | २ (दुई) | ● प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्(CTEVT)बाट उदयम विकास सहजकर्ता सीप परीक्षण तह २ वा उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको ।<br>● १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.४००/- (अक्षरेपी चार सय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय | अन्तरवार्ता |
| ६/०७९-०८० | ना.प.स्वा.प्रा., चौथो | २ (दुई) | ● मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषयमा जे.टि.ए. कोर्ष उत्तिर्ण गरेको वा सो भन्दा माथिल्लो तहको शैक्षिक योग्यता ।<br>● १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । | रु.४००/- (अक्षरेपी चार सय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय अन्तर्गत | लिखित र अन्तरवार्ता |

- **आवश्यक कागजात:-** नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, न्यूनत्तम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाण मात्र भए नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आधारभूत कम्प्युटर तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभव वा सोको कागजात, २ प्रति पासपोर्ट साइज फोटो दरखास्त साथ पेश गर्नुपर्ने छ ।
- आवेदनको ढाँचा, पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी सम्बन्धी मन्त्रालय तथा गाउँपालिकाको वेवसाइटबाट हेर्न सकिनेछ ।
- **सेवा सुविधा:-** सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।
- **सम्पादन गर्नुपर्ने कामको विवरण (TOR):-**सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।
- दरखास्त फाराम यस गाउँपालिकाको Website: www.makawanpurgadhimun.gov.np खोली विद्युतीय शासन सेवामा गई नमुना फारामहरुबाट Download गर्न सकिनेछ ।
- दरखास्त फाराम दस्तुर यस गाउँपालिकाको खाता रहेको नविल बैक लि., मक्रान्चुली शाखामा रहेको MAKWANPURGADHI GA.PA.GA 1.1 AANTARIK RAJASWA KHATA 22101017500055 मा जम्मा गरेको सक्कलै बैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।
- **दरखास्त दिने अन्तिम मिति:-** २०७९/०८/२९ गतेसम्म (कार्यालय समयभित्र)
- यो सूचनाको अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन समेत दरखास्त दिन सकिनेछ ।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
- आवेदन परेका मध्येबाट छोटो सूची (Short List) प्रकाशन पश्चात लिखित र अन्तरवार्ता परीक्षाको मिति तोकिनेछ ।

रामकुमार पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत



बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## बाख्रा विकास फार्म
चित्लाङ, मकवानपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९/०८/१५

यस बाख्रा विकास फार्मको मिति २०७९/०७/०६ मा प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुको भून्यांकनमा तपशिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले उक्त बोलपत्र स्वीकृतिको लागि मिति २०७९/०८/१३ को निर्णयानुसार छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को नियम २७ को उपनियम (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट र पि एस सहित) |
|---|---|---|
| GDF/NCB/WORKS/01/079-80 | Kamana Construction And Multiple Enterprises, Tarkeshwor-7, Kathmandu | ३६,५०,८३२।१९ |
| GDF/NCB/WORKS/02/079-80 | Kamana Construction And Multiple Enterprises, Tarkeshwor-7, Kathmandu | २४,३१,८६७।१८ |
| GDF/NCB/WORKS/03/079-80 | Kamana Construction And Multiple Enterprises, Tarkeshwor-7, Kathmandu | १४,१३,३४१।२८ |





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना